प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
प्रदेश नं.१ पाँचथर
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

फोन/इमेल/वेवसाइट
०२४-५२०१२७/०२४-५२०४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (बाखाको ब्लक विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना नं.२-२०७८/०७९

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०५/०१*
*प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०७८/०५/३० गतेसम्म*

आ.व.०७८/०७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फ तपसिल बमोजिमका बाखा ब्लक विकास कार्यक्रम सञ्चालनको लागि **पाँचथर र ताप्लेजुङ** जिल्लामा क्षेत्र निर्धारण गर्नु पर्ने भएको हुँदा परियोजना कार्यान्वयन म्यानुअल २०७७ ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदार गर्न इच्छुक आवेदकहरुबाट अनुसूची ६ बमोजिम आवेदन साथ अनुसूची ७ अनुसारको आधारभूत तथ्यांक फाराम भरी यो सूचना प्रकाशन भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्रमा आवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी आएको वा म्याद नाघि आएको प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।
थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरको फोन नं.०२४-५२०१२७ वा मोवाइल नं.९८५२६६०१२७ , सम्पर्क केन्द्र ताप्लेजुङ ९८५२६६०१७६ मा सम्पर्क राख्न र सूचना, कार्यविधि तथा प्रस्ताव, निवेदनको नमूना फर्मेट विज्ञ केन्द्रको वेवसाइट http://vhlecpanchthar.p1.gov.np/ बाट डाउनलोड वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेवसाइट www.pmamp.gov.np बाट परियोजना कार्यान्वयन म्यानुअल २०७७ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ। प्रस्तावित कार्यक्रममा ५० प्रतिशत रकम सम्बन्धित साझेदारले सहकार्य गर्नुपर्नेछ।

### प्रस्ताव पेश गर्नको लागि कार्यक्रमहरुको विवरण:

| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | परिमाण | अधिकतम साझेदारी रकम (प्रति इकाई) | प्रति ब्लकको लागि आवश्यक बाखा संख्या | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| | **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम** | | | | | |
| ५.१.११.११६ | बाखाको ब्लक विकास कार्यक्रम<br>*(पाँचथर जिल्लामा १ र ताप्लेजुङ जिल्लामा १ ब्लक सञ्चालन हुनेछ)* | समूह | २ | प्रति इकाई ३५ लाख | ५००० (पाँच हजार) | क्लष्टर वा एउटै कोरिडोरमा तोकिएको बाखा संख्या भएको वा हुन सक्ने क्षेत्र अर्न्तगत<br>१.कृषि/पशु सहकारी संस्थाहरु<br>२.कृषक समूह/समितिहरु<br>३.प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसायिक फर्म, कम्पनी |

**प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु :**
१.अनुसूचि ६ बमोजिमको ढाँचामा आवेदन पत्र।
२. अनुसूची ७ बमोजिमको आधारभूत तथ्यांक फारम।
३.आवेदन दस्तुर रु.२००।०
४.अध्यक्ष वा संचालकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
५.प्रचलित कानून बमोजिम सूचना प्रकाशन अगावै आधिकारीक निकायमा संस्था, फर्म,व्यवसाय दर्ता, नविकरण, र प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी।
६.समूह, समिति, सहकारीको कार्यसमितिको निर्णयको प्रतिलिपी साथै सञ्चालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी
७.अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
८.स्थानीय तह र पशु सेवा शाखाको सिफारिस पत्र।

**प्रस्ताव बुझाउने स्थान :**
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर र सम्पर्क केन्द्र ताप्लेजुङ

डा.चन्द्र नारायण शाह
कार्यालय प्रमुख